# मेलम्ची नगरपालिका

## नगर कार्यपालिका बैठक

### बैठक मितिः २०७७।०१।१२

**प्रस्तावहरु**

१. असङ्गठित श्रेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलई उपलब्ध गराईएको राहतको सम्बन्धमा ।
२. मेलम्ची नगरपालिकामा बसोबास गरिरहेका सम्पुर्ण घरधुरीमा वितरण गरिएको साबुन सम्बन्धमा ।
३. लक डाउनको समयमा खटिएका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता प्रदान गर्ने सम्बन्धमा ।
४. मेलम्ची नगरपालिकाभित्र रहेका दिर्घरोगीहरुलाई औषधि उपलव्ध गराउने सम्बन्धमा ।
५. मेलम्ची नगरपालिकाको चालु आर्थिक बर्षमा संचालित योजनाहरुको कार्यान्वयन अवस्थाको समिक्षा ।
६. नगरपालिकाको शाखाहरु तथा वडा कार्यालयको महत्वपुर्ण कार्यहरु सामाजिक/भौतिक दुरी कायम गरी संचालन गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १.

नगर कार्यपालिकाको मिति २०७६ चैत्र २६ गतेको बैठकबाट स्वीकृत **असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड २०७६** बमोजिम नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा वितरण गरिएको देहाय बमोजिमको राहत विवरण अनुमोदन गर्ने र सो बापतको बिल बमोजिमको रकम रु.९२३७३२ (अक्षरुपी नौ लाख तेइस हजार सात सय बत्तिस रुपयाँ) कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोषबाट भुक्तानी दिन स्वीकृति दिने ।

| वडा नं | परिवार संख्या | व्यक्तिको सङ्ख्या | राहतको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | चामल (के.जी.मा) | दाल (के.जी.मा) | खाने तेल (लिटरमा) | नुन (पाकेटमा) | चिनी (के.जी.मा) | साबुन (वटामा) | जम्मा मुल्य रु |
| १ | १० | ४३ | २६५ | १५ | १५ | १५ | १५ | २० | २०५८२ |
| २ | १५ | ७३ | ४४० | २७ | २७ | २७ | २७ | ३० | ३१५५० |
| ३ | ६ | २८ | १४० | ९ | ९ | ९ | ९ | १२ | १३२८५ |
| ४ | ६ | १२ | १०५ | ७ | ७ | ७ | ७ | १२ | ९४५७ |
| ५ | ६ | ९ | ९० | ६ | ६ | ६ | ६ | १२ | २६९० |
| ६ | ५१ | १९४ | १२६० | ८४ | ८४ | ८४ | ८४ | १०२ | १०७७३५ |
| ७ | ७ | १७ | १३५ | ९ | ९ | ९ | ९ | १४ | ९७२० |
| ८ | ५१ | ८८ | ८७० | ५८ | ५८ | ५८ | ५८ | १०२ | ७५२१० |
| ९ | २६ | ८२ | ५९० | ३८ | ३८ | ३८ | ३८ | ५२ | ४९७२९ |
| १० | ५४ | १५९ | ११५५ | ७४ | ७४ | ७४ | ७४ | १०८ | ९७३९३ |
| ११ | ८७ | ४६३ | २४७० | १५१ | १५१ | १५१ | १५१ | १७४ | १५४४७० |
| १२ | १५० | ६३८ | ३९४० | २४४ | २४४ | २४४ | २४४ | ३०० | ३५१९११ |
| १३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ४६९ | १८०६ | ११४६० | ७२२ | ७२२ | ७२२ | ७२२ | ९३८ | ९२३७३२ |

## निर्णय नं. २.

नगर कार्यपालिकाको मिति २०७६ चैत्र १८ गतेको बैठकको निर्णय बमोजिम कोरोना (कोभिड-१९) संक्रमण रोकथाम सम्वन्धमा स्वास्थ्य सचेतना फैलाउन वितरण गरिएको साबुनको बिल बमोजिमको रकम रु.१३५३३०५ (अक्षरुपी तेह्र लाख त्रिपन्न हजार तीन सय पाँच रुपयाँ) कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोषबाट भुक्तानी दिन स्वीकृति दिने ।

| वडा नं | सावुनको विवरण | |
|---|---|---|
| | सावुनको विवरण गोटा (सङ्ख्या) | जम्मा मुल्य रु. |
| १ | १९२८ | ५१०८८ |
| २ | १२०० | ५३९९६ |
| ३ | १७२० | ७७३९४ |
| ४ | २६०० | ११६९९१ |
| ५ | २१६० | ९७१९३ |
| ६ | २००० | ८८७०० |
| ७ | २४०० | १०७९९२ |
| ८ | २००० | ९०००० |
| ९ | ३४४० | १५४७८८ |
| १० | १२०० | ५३९९६ |
| ११ | ३९२० | १७६७८९ |
| १२ | ३२०० | १४३९८९ |
| १३ | ३१२० | १४०३८९ |
| **जम्मा** | ३०८८८ | १३५३३०५ |

## निर्णय नं. ३.

कोभिड-१९ को विश्वव्यापी महामारी रोकथामको लागि नेपाल सरकारले मिति २०७६ चैत्र ११ गते देखि घोषणा गरेको लकडाउनको अवधिमा मेलम्ची नगरपालिका तथा अन्तर्गत कार्यालयहरुमा अहोरात्र खटिई काम गर्ने कर्मचारीहरुको तदारुकतापूर्ण साथ र सहयोगको उच्च मुल्याङ्कन गर्दै कर्मचारीहरुको मनोबल अझै उच्च राख्न उपस्थितिको आधारमा लकडाउन अवधिभर दैनिक हाजिरी हेरी प्रत्येक दिनको लागि शुरु तलव स्केलको आधा दिनको तलव बराबर हुने गरी ५० प्रतिशत प्रोत्साहन भत्ता प्रदान गर्ने । उल्लेखित प्रोत्साहन भत्ता काममा खटिएका स्थायी, अस्थायी, करार, ज्यालादारी लगायत सवै सेवाका कर्मचारीहरुलाई उपलब्ध गराउने ।

## निर्णय नं. ४.

कोभिड-१९ को विश्वव्यापी महामारीको रोकथामको घोषणा गरिएको लकडाउनको कारण मुटु, मृगौला, चिनी रोग, दम, क्यान्सर, प्रेशर तथा मानसिक गरी ७ वटा दिर्घ रोग लागेका बिरामीहरु औषधी लिन जाने ठाँउमा पुग्न सहज वातावरण नभएको तथा नेपाल सरकारले अत्यावश्यक बाहेकका नियमित उपचारको सेवा समेत संचालन नगर्नु भन्ने आदेश गरेको हुँदा यस नगरपालिकाभित्र प्राप्त नहुने किसिमका दिर्घ रोगहरुको औषधीको सेवन गरी रहेका बिरामीहरुको विवरण सम्वन्धित वडा कार्यालय मार्फत यथाशिघ्र

संकलन गर्ने र निशुल्क/सशुल्क औषधी उपलव्ध गराउने संयन्त्र सम्वन्धमा जनस्वास्थ्य शाखाले आवश्यक तयारी गर्ने ।

**निर्णय नं. ५.**

मेलम्ची नगरपालिका अर्न्तगत चालु आर्थिक वर्षमा नगर सभावाट पारित भएका योजना/कार्यक्रमहरुको हालसम्मको प्रगति अवस्था सम्वन्धमा छलफल गरियो । सम्झौता भइ कार्यादेश पाइसकेका योजनाहरु तथा सम्झैता गर्न बाँकी रहेका योजनाहरु नियमानुसार सम्झौता गरी कार्यान्वयन गर्ने सिलसिलामा स्वास्थ्य सुरक्षा कार्ययोजना र निर्माण सामाग्री ढुवानी योजना बनाइ DCCMC बाट स्वीकृत आयोजनाहरुको निर्माण कार्य सञ्चालन गर्ने/गराउने सम्वन्धी कार्यविधि, २०७७ को पूण पालना गर्ने/गराउने गरी निर्माण कार्य गर्न सहजीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६.**

मेलम्ची नगरपालिकाको सम्पुर्ण शाखाहरुको चालु आर्थिक बर्षमा सम्पन्न/सम्पादन गर्नुपर्ने महत्वपुर्ण कार्यहरु नेपाल सरकारको कोभिड-१९ रोकथाम र नियन्त्रण सम्बन्धी सम्पुर्ण निर्णय/निर्देशनहरुलाई परिपालन गरी समय र परिस्थिति अनुकुल मिलाइ आपसमा सामाजिक तथा भौतिक दुरी कायम गरी कोरोनामैत्री सेवा प्रवाह गर्ने कार्यलाई निरन्तरता दिने । साथै सम्पूर्ण कर्मचारीहरुलाई कार्यलयमा फर्किई नियमित रुपमा कामकाज गर्न निर्देशन दिने ।

२०७७/१/१२